## बाली तथा पशु बीमा प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति: २०८०।०९।१३ गते

**प्रस्तावनाः** देशको आर्थिक बिकासमा कृषि एउटा मेरूदण्ढको रुपमा रहेको छ । कृषि क्षेत्रको सम्भावित जोखिम कम गरि सूर्योदय नगर क्षेत्रभित्रका कृषकहरुलाई बालीनाली तथा पशुपन्छीहरुको क्षतिबाट राहत दिन र बाली तथा पशु बीमालाई प्रबर्धन गर्दै कृषकहरुलाई कृषि क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्न वान्छनीय भएकोले सूर्योदय नगरपालिकाले "बाली तथा पशु बीमा प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" तयार गरि जारी गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "बाली तथा पशु बीमा प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि सूर्योदय कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "बाली बीमा" भन्नाले नेपाल सरकार वा सम्बन्धित निकायले कृषि उपजमा पर्ने भनि निर्धारण गरेका बस्तुहरुको बीमालाई सम्झनु पर्दछ।

(ख) "पशु बीमा" भन्नाले नेपाल सरकार वा सम्बन्धित निकायले तोकेको पशुपन्छी तथा माछा वर्गमा पर्ने भनि निर्धारण गरेका पशुपन्छीहरुको बीमालाई सम्झनु पर्दछ।

(ग) "बीमाको लागी जोखिम (Risk)" भन्नाले आर्थिक क्षतिको अनिश्चितता हो।

(घ) "बीमा अभिकर्ता" भन्नाले कृषि तथा पशुपन्छी बीमा सम्बन्धि तालिम लिई राष्ट्रिय बीमा समितिवाट इजाजत प्राप्त व्यक्तिलाई सम्झनुपर्दछ ।

(ङ) "बीमालेख" भन्नाले कृषि पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका २०७९ बमोजिम जारी गरिने बीमालेख सम्झनु पर्नेछ ।

(च) "बिमक" भन्नाले बीमा ऐन, २०७९ बमोजिम बीमा व्यवसाय गर्न इजाजतपत्र प्राप्त बीमा कम्पनी सम्झनु पदर्छ।

(छ) "बीमित बाली तथा पशुपन्छी" भन्नाले बीमा समितिवाट जारी भएका बाली तथा पशुपन्छी बीमालेख बमोजिम बीमा गरिएका बाली तथा पशुपन्छी सम्झनुपर्दछ ।

(ज) "बीमित" भन्नाले नगरपालिका क्षेत्रभित्रका बीमा गराउने व्यक्ति वा संस्थालाई जनाउदछ।

(झ) "बीमा अवधि" भन्नाले बीमालेखमा उल्लेख भए अनुसार रक्षावरणको अवधि वा बीमालेखको अवधि सम्झनु पर्छ ।

(ञ) "बीमाङ्क रकम" भन्नाले बीमालेख बमोजिम बाली तथा पशुपन्छीको रक्षावरण गरिएको रकम सम्झनु पर्छ ।

(ट) "बीमाशुल्क" (प्रिमियम) भन्नाले बीमा गरेबापत बीमितले बीमकलाई बुझाउनु पर्ने रकम सम्झनुपदर्छ ।

(ठ) "काबु भन्दा बाहिरको परिस्थिती" भन्नाले बाढी, पहिरो, खडेरी, अतिबृष्टि,अनाबृष्टि, असिना, हिंउ, तुसारो, रोग तथा कीराहरु, भूकम्प, चट्याङ, आगलागी तथा दुर्घटना जस्ता विभिन्नका परिस्थितीलाई जनाँउछ ।

(ड) "दुर्घटना" भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र सांघातिक, आकस्मिक र अप्रत्यासित घटना सम्झनु पदर्छ।

(ढ) “दाबी" भन्नाले बीमा गरिएको वस्तु तथा पशुपन्छीको क्षति बापत बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पदर्छ ।

(ण) "रक्षावरण" भन्नाले बीमालेखमा उल्लेख भएको बाली तथा पशुपन्छीको क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि मञ्जुर गरेको अवस्था सम्झनु पर्छ ।

(त) “क्षतिपूर्ति” भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई प्रदान गर्ने दावी बापतको रकम सम्झनु पर्छ।

(थ) "शाखा" भन्नाले कृषि तथा पशु सेवा शाखा सम्झनु पर्दछ ।

**३. उद्देश्यहरु :**

(क) कृषकको काबुभन्दा बाहिरको परिस्थितीबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गरी कृषकहरुलाई व्यवसायिकता तर्फ आकर्षित गर्न सहयोग गर्ने ।

## परिच्छेद २

## कार्यक्रम संचालन सम्बन्धी

**४. कार्यक्रम कार्यान्यवनका क्षेत्रहरु**: यस कार्यक्रम सूर्योदय नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाहरुमा सञ्चालन हुनेछ ।

**५. कार्यक्रम संचालन प्रक्रियाः**

(१) बीमा सम्बन्धी कृषकस्तर सचेतना कार्यक्रम:

बीमा सम्बन्धी कृषकस्तरमा सचेतना अभिवृद्धि गर्नको लागि प्रत्येक वडामा एक दिने तालिम गोष्ठी संचालन गरिनेछ । तालिमको लागि बजेट खर्च आर्थिक नियमावली अनुसार गरिनेछ ।

(२) बाली बीमा प्रोत्साहन कार्यक्रम:

(क) सूर्योदय नगरपालिका कृषि सेवा शाखाले अनुसुची-१ बमोजिम सार्वजनिक सूचना आव्हान गर्नेछ ।

(ख) अनुदान प्राप्त गर्न इच्छुक कृषकले बाली बीमा गरी कृषि सेवा शाखाले उपलब्ध गराएको अनुसुची-२ बमोजिम ढाँचाको निवेदन पेश गर्नुपर्नेछ ।

(ग) आषाढ मसान्त अगावै यस कार्यक्रमका लागि विनियोजित सम्पूर्ण बजेट खर्च भएमा कार्यक्रम स्वतः समाप्त हुनेछ ।

(घ) बीमा समितिले तयार गरेको बीमालेखमा आधारित शर्तहरुमा रहेर बाली बीमा गर्नुपर्ने छ ।

(ङ) रक्षावरण गर्ने जोखिमहरु क्षतिपूर्ति नदिने अवस्थाहरु बीमालेखमा उल्लेख भए बमोजिम हुनेछ।

(च) बीमा सचेतना तथा बाली बीमा प्रोत्साहन कार्यक्रमबाट बाली बीमा गराए बापत कृषकहरुले व्यहोरेको बीमा शुल्कको (प्रिमियम) ५० प्रतिशत रकम सूर्योदय नगरपालिकाले अनुदान उपलब्ध गराउनेछ ।

(३) पशुपन्छी बीमा प्रोत्साहन कार्यक्रम:

(क) सूर्योदय नगरपालिका पशु सेवा शाखाले अनुसुची-१ बमोजिम सार्वजनिक सूचना आव्हान गर्नेछ ।

(ख) अनुदान प्राप्त गर्न इच्छुक कृषकले पशु बीमा गरी पशु सेवा शाखाले उपलब्ध गराएको अनुसुची-२ बमोजिम ढाँचाको निवेदन पेश गर्नुपर्नेछ ।

(ग) आषाढ मसान्त अगावै यस कार्यक्रमका लागि विनियोजित सम्पूर्ण बजेट खर्च भएमा कार्यक्रम स्वतः समाप्त हुनेछ ।

(घ) बीमा समितिले तयार गरेको बीमालेखमा आधारित शर्तहरुमा रहेर पशु बीमा गर्नुपर्ने छ ।

(ङ) रक्षावरण गर्ने जोखिमहरु क्षतिपूर्ति नदिने अवस्थाहरु बीमालेखमा उल्लेख भए बमोजिम हुनेछ ।

(च) बीमा सचेतना तथा पशु बीमा प्रोत्साहन कार्यक्रमबाट पशु बीमा गराए बापत कृषकहरुले व्यहोरेको बीमा शुल्कको (प्रिमियम) ५० प्रतिशत रकम सूर्योदय नगरपालिकाले अनुदान उपलब्ध गराउनेछ ।

## परिच्छेद ३

## बीमा शुल्क भुक्तानी लिने प्रकृया

**६. अनुदान रकम र भुक्तानी प्रक्रियाः** बाली तथा पशु बीमा गर्दा कायम हुने बीमाशुल्कको ८० प्रतिशत रकम नेपाल सरकारबाट अनुदानको व्यवस्था रहेको छ । कृषकले बीमा प्रिमियम बापत २० प्रतिशत तिरेको रकमको ५० प्रतिशतले हुन आउने रकम सूर्योदय नगरपालिकाले देहायको मापदण्डमा रही भुक्तानी दिनेछ ।

(१) अनुदान रकम माग गरेको अनूसुची-२ बमोजिमको ढाँचाको निवदेन ।

(२) बाली बीमा गरेको बीमालेख र रसिद साथै नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

(३) कृषकले पेश गरेको भुक्तानी निवेदन साथै आवश्यक कागजातहरु प्रमाणित गरेपश्चात कृषकले तिरेको बीमाशुल्कको ५० प्रतिशत रकम भुक्तानी कार्यालयले गर्नुपर्नेछ ।

(४) सम्बन्धित शाखाको सिफारिस ।

(५) पहिला आवेदन दिनेलाई प्राथमिकता दिइनेछ।

(६) बजेटको परिधिभित्र रही भुक्तानी दिइनेछ।

## परिच्छेद-४

## विविध

**७. कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेः** यो कार्यविधि कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगर कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा केही थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

**८. बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयन सम्बन्धमा कुनै दुविधा भएमा सो को निरुपण नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

## अनुसुची-१ (दफा ५ को उपदफा (२) र (३) संग सम्बन्धित)
## सूचना

सूर्योदय नगरपालिका कृषि तथा पशु सेवा शाखाको वार्षिक स्वीकृत ...........................कार्यक्रम अन्तर्गत बाली तथा पशु बीमाको प्रिमियममा अनुदानको लागि तोकिए बमोजिमका मापदण्डहरु पुरा गरेका कृषकहरुबाट आवेदनका लागि यो सूचना प्रकाशित गरिएको छ। इच्छुक कृषकले यो सूचना प्रकाशन भएको मितिले कार्यक्रम समाप्तिको सूचना प्रकाशन नहुँदा सम्म तोकिएको ढाँचा अनुसारको आवेदन फारम कृषि सेवा शाखामा पेश गर्नुपर्ने छ। थप जानकारीको लागि सम्बन्धित शाखाको फोन नं. .................... मा सम्पर्क गर्न सकिनेछ ।

**आवश्यक कागजातहरुः**

सूर्योदय नगरपालिका कृषि वा पशु सेवा शाखाले उपलब्ध गराएको ढाँचाको निवेदन ।

बाली तथा पशु बीमा गरेको बीमालेख र रसिदको प्रतिलिपि ।

नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

फर्म भएमा फर्म दर्ता तथा नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ।

बैंक खाता नम्बर प्रमाणित हुनेगरिको कागजात।

आ.व. २०८०/८१ को तिरो तिरको रसिदको प्रतिलिपि।

**अनुसुची-२ (दफा ५ को उपदफा (२) र (३) संग सम्बन्धित)**
**निवेदनको ढांचा**

मितिः .......................

श्री सूर्योदय नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
कृषि/पशु सेवा शाखा, फिक्कल, इलाम ।

| टिकट रु. १०/- |
|---|

विषयः बीमा प्रिमियमको अनुदान रकम भुक्तानी सम्बन्धमा ।

प्रस्तुत बिषयमा सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि/पशु सेवा शाखा, फिक्कलको मिति....................... गतेको सूचना अनुसार ................................................... कार्यक्रम अन्तर्गत बाली तथा पशु बीमाको प्रिमियममा पाउने ५० प्रतिशत अनुदान रकम भुक्तानीको लागि यसै निवेदन साथ तपसिलका कागजातहरु संग्लग्न राखी यो निवेदन पेश गरेको छु ।

तपसिलः

निवेदक
हस्ताक्षरः
नाम:
ठेगानाः
नागरिकता नम्बर:
सम्पर्क नम्बर: